**अपाङ्गता भएका व्यक्तिहरुको २२ औं अन्तर्राष्ट्रिय दिवस २०१३**
**मुल समारोह समिति**

**विषय : प्रेस विज्ञप्ती**

**आदरणीय संचारकर्मी, पत्रकार मित्रहरु तथा सम्पूर्ण उपस्थित महानुभावहरु**
**१६ मंसिर, २०७०**
**काठमाडौं**

सदा झैं **"अवरोध हटाउ, सवैकालागी समाबेशी समाजको मार्ग खोलौ"** भन्ने मुल नाराकासाथ यस बर्ष पनि बाइसौ अन्तर्राष्ट्रिय अपाङ्ग दिवस बिभिन्न कार्यक्रम सहित भव्यताकासाथ मनाउने सवै तयारी पुरा भएको मूल आयोजक समितिको सचिवालयको तर्फबाट जानकारी गराउदछु । यस दिवस मनाउनकालागी महिला बालबालिका तथा समाज कल्याण मन्त्री माननिय ऋद्धिबाबा प्रधानको अध्यक्षतामा मुल आयोजक समिति गठन भएको छ ।

अपाङ्गता भएका नागरिकहरु अन्य नागरिक सरह समान आधारमा शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, सहभागिता तथा प्रतिनिधित्व, विभेद रहित र स्वाभिमानपूर्ण रुपमा समाजमा रहन पाउनु पर्छ भन्ने सम्पूर्ण अपाङ्गता समुदायको माग रहेको छ । यो सामान्य माग मात्र नभएर हरेक नागरिकले नागरिकको हैसियतले माग गर्ने उसको मानव अधिकार पनि हो ।

राज्य सरकार नागरिक समाज अन्तर्राष्ट्रिय समुदायबाट जति नै अपाङ्गता क्षेत्रको विकासको प्रयास गरिएको भएतापनि विभिन्न दृष्टिकोणजन्य अवरोध, कानुनी तथा नीतिगत अवरोध, भौतिक अवरोध र संचार सम्बन्धी अवरोधहरुका कारण अपाङ्गता भएका व्यक्तिहरु यस्ता आधारभूत मानव अधिकारको समान उपयोगबाट वञ्चित भैरहेका छन् र विकासको दृष्टिले समाजमा सबैभन्दा पछाडि परेका बर्गहरुमा अपाङ्गता भएका व्यक्तिहरु नै हुन् ।

हरेक राष्ट्रहरुले आफ्नो वुझाइ, दृष्टिकोण र परिवेश सापेक्ष गरिने अपाङ्गताको परिभाषा तथा वर्गीकरण र अन्य विभिन्न सिमाहरुको कारणले विभिन्न देशको अपाङ्गताको दर सम्बन्धी तथ्याङ्कमा समानता नदेखिएता पनि विश्व स्वास्थ्य संगठन र विश्व बैंकको दावी अनुसार विश्वको कुल जनसंख्याको झण्डै १५ प्रतिशत मानिसमा कुनै न कुनै रुपमा अपाङ्गता रहेको हुन्छ । जनगणना २०६८ अनुसार नेपालमा पनि कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेको प्रतिवेदन सार्वजनिक गरिएको छ ।

सन १९९२ मा संयुक्त राष्ट्रसंघले डिसेम्बर ३ लाई अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसको रुपमा घोषणा गरेपश्चात हरेका वर्ष विश्वभरि यो दिवस मनाइन्छ । यो दिवस मनाउनुको मुख्य उद्देश्य गत वर्ष अपाङ्गताको क्षेत्रमा के कस्ता कार्यहरु भए भनि समिक्षा गरि आगामी वर्ष कसरी के कस्ता कार्य गर्ने भनी प्रतिवद्धता गर्ने दिवसका रुपमा लिने गरिन्छ । यसका अलावा यस दिवसले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका बारेमा आम समुदायलाई सचेत तुल्याउन पनि मद्दत पुर्‍याउदछ ।

संयुक्त राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासंधि २००६ पारित गरि विश्वका अधिकांश राष्ट्रहरुले यसमा हस्ताक्षर र अनुमोदन गरिसकेका हुनाले अपाङ्गता भएका व्यक्तिहरुका विशेष आवश्यकता र सवालहरु अधिकारको रुपमा विश्वमा स्थापित भैसकेका छन् । नेपाल पनि यस महासंधिको पक्ष राष्ट्र भएको ३ वर्ष पुगिसकेको छ । नेपालको संधि ऐन अनुसार पक्षराष्ट्र भएको हैसियतले नेपालमा यो महासंधि कानुन सरह लागू भैसकेको छ र यसमा उल्लेखित प्रावधानहरुलाई नेपाली अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा अनुभूत गराउनु अव राज्यको दायित्व हो ।

राज्यको मूल कानुन बनाउने दोस्रो संविधान सभाको निर्वाचनमा पनि अपाङ्गता भएका व्यक्तिहरुको सम्मानीत सहभागिता नहुँदा महासंघ निकै दुःखीत भएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु मानव अधिकार सँग मात्र नभएर विकासका विभिन्न सवालहरुसँग पनि प्रत्यक्ष रुपमा गाँसिएका हुनाले नयाँ संविधान निर्माणदेखि लिएर विकासका प्रकृयाहरुमा समेत अपाङ्गताका सवालहरुको समावेशीकरण आवश्यक भएको छ । तसर्थ यस महत्वपूर्ण दिनको अवसर पारेर अपाङ्गता भएका व्यक्तिहरुका निम्न लिखित सबालहरुमा हामी सम्पूर्ण सरकारी, गैर सरकारी, अन्तर्राष्ट्रिय गैर सरकारी तथा नीजि क्षेत्रका सरोकारवाला लगायत, राजनैतिक दल, संचार कर्मी र नीति निर्माता सबैको तर्फबवाट महत्वपूर्ण भूमिकाको अपेक्षा गर्दै ध्यानाकर्षण गराउन चाहन्छौं ।

क) आगामी संविधान सभामा अपाङ्गता भएका व्यक्तिहरुको सहभागीताको सुनिश्चितता गर्दै २६ जनामा मनोनीत गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई अनिवार्य मनोनीत गर्नु पर्ने ।

ख) नयाँ बन्ने संविधानमा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, निर्णय प्रकृयामा सहभागिता र प्रतिनिधित्व, राजनैतिक अधिकार, सामाजिक न्याय आदिको सुनिश्चितताको लागि विशेष व्यवस्था र प्रावधानहरुको प्रत्याभूति ।

ग) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐनको अपाङ्गता अधिकार सम्बन्धी महासंधि अनुकुल संशोधन र प्रभावकारी कार्यान्वयन ।

घ) अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाको महासंधि अनुकुल पुनरावलोकन तथा कार्यान्वयन ।

ङ) मन्त्री परिषदबाट पारित अपाङ्गता भएका व्यक्तिहरुको भौतिक बातावरण तथा संचारसेवामा पहुँच सम्बन्धी मापदण्डको तत्काल कार्यान्वयन ।

च) सर्वोच्च अदालतले अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सुरक्षाको सवालमा पछिल्लो समयमा गरेको फैसलाको प्रभावकारी कार्यान्वयन ।

छ) समावेशी शिक्षा सम्बन्धी प्रभावकारी नीति तथा कार्यक्रमहरुको निर्माण र कार्यान्वयन

ज) समुदाय स्तरमा बाल अपाङ्गताको प्रारम्भिक पहिचान तथा आवश्यक स्वास्थ्य तथा पुनर्स्थापना सेवाहरुको उपलब्धता ।

झ) गुणस्तरीय सहायक सामग्री, उपकरण, दोभाषे लगायत सहयोगी सेवाको विकास, विस्तार र उपलब्धता ।

ञ) अपाङ्गता भएका व्यक्तिहरुको रोजगारी प्रवर्द्धनको लागि विशेष नीति तथा कार्यक्रमहरु

ट) अपाङ्गता भएका महिलाहरुको शसक्तिकरण, विकास र समावेशीकरणको लागि विशेष कार्यक्रम र नीतिहरु ।

ठ) राज्यका अन्य विभिन्न राष्ट्रिय कानुन तथा नीतिहरुमा अपाङ्गता सम्बन्धी प्रावधानहरुको समावेशीकरण ।

ड) अपाङ्गताको क्षेत्रमा पछाडी परेको हेमोफिलीया, अटिजम, वौद्धिक अपाङ्गता , मानसिक अपाङ्गताका सवालमा राज्यले विशेष ध्यान दिनु पर्ने ।

आशा छ राज्यले हाम्रा माग सम्बोधन गर्ने छ । आफ्नो अत्यन्त व्यस्त समयमा पनि अमुल्य समय प्रदान गरिदिनु भएकोमा आदरणीय संचारकर्मी तथा सबै उपस्थित आमन्त्रीतहरुमा हार्दिक धन्यवाद ।



(सुदर्शन सुवेदी)
अध्यक्ष